**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले आज पुर्बनंह 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ।
२. उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले विभिन्न नेताहरूलाई भेटेर महाकुम्भ मेला २०२५ को लागि निमन्त्रणा दिनुभएको छ|
३. राजधानीमा नयाँ वर्षको उत्सवलाई ध्यानमा राख्दै दिल्ली पुलिसले ट्राफिक निर्देशन जारी गरेको छ।
४. भारतीय अंतरिक्ष अनुसंधान संगठन-इसरो ले भोलि आफ्नो अंतरिक्ष डॉकिंग प्रयोग, स्पैडेक्स लन्च गर्नेछ ।
५. विश्व नम्बर एक चेस खेलाडी म्याग्नस कार्लसनले जिन्स लगाएर खेल्न अनुमति नदिएपछि च्याम्पियनसिप छाडेका छन् ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज पुर्बनंह 11 बजे आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ । यो मासिक रेडियो कार्यक्रमको 117 ओ प्रकरण हुनेछ । मन की बात को प्रसारण आकाशवाणी अनि दूरदर्शनको समस्त नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन ए.आइ.आर. मोबाइल ऐप मा गरिनेछ। यसलाई आकाशवाणी समाचार, डी.डी. न्यूज़, प्रधानमंत्री कार्यालय अनि सूचना एवं प्रसारण मंत्रालयको यू-ट्यूब चैनलहरुमा पनि सीधा प्रसारित गरिनेछ । हिंदी प्रसारणको तुरन्तै पछि आकाशवाणीले क्षेत्रीय भाषाहरुमा कार्यक्रमको प्रसारण गर्नेछ।

*************

**नड्डा - कांग्रेस**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष जगत प्रकाश नड्डाले पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको मृत्युमा कांग्रेसले राजनीति गरेको आरोप लगाउनुभएको छ ।श्री नड्डाले आज एक विज्ञप्ति जारी गर्दै कांग्रेस पार्टीले राजनीतिक लाभका लागि डा मनमोहन सिंहको नाम प्रयोग गरिरहेको बताउनुभयो।

**बाईट**

श्री नड्डाले भन्नुभयो एनडीए सरकारले देशका सबै प्रधानमन्त्रीहरूको सम्मानमा प्रधानमन्त्री संग्रहालय स्थापना गरेको थियो। उहाँले कांग्रेसले आफ्ना परिवारका सदस्यहरुको सम्झनामा मात्रै ध्यान दिएको आरोप लगाउनुभयो ।

*************

**फडणवीस सौर्य ऊर्जा**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले प्रशासनलाई कृषि, ऊर्जा उत्पादन, उद्योग र सेवा क्षेत्रको विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन गर्न आग्रह गर्नुभएको छ|मुम्बईमा भएको महाराष्ट्र राज्य विद्युत बोर्डको बोर्ड अफ डाइरेक्टरको बैठकमा उहाँले पहिले नै सञ्चालित सौर्य ऊर्जा आयोजनालाई तीव्रता दिनुका साथै गुणस्तर पनि कायम गर्नुपर्ने बतउनुभयो । मुख्यमन्त्री फडणवीस, जससँग ऊर्जा विभाग पनि छ,उहाँले महाराष्ट्रलाई ऊर्जा क्षेत्रमा आत्मनिर्भर बनाउनु पर्छ भनी बताउनुभयो| मुख्यमन्त्रीले जनसहभागिता बढाउन राज्यले सरकारी विद्युत् कम्पनीलाई सूचीकरण गर्ने विषयमा विचार गर्नुपर्ने पनि बताउनुभयो ।

*************

**उत्तर प्रदेश - कुम्भ निमन्त्रणा**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले विभिन्न नेताहरूलाई भेटेर महाकुम्भ मेला २०२५ को लागि निमन्त्रणा दिनुभएको छ| मुख्यमन्त्रीले पूर्व राष्ट्रपति रामनाथ कोविन्द, बीजेपी राष्ट्रिय अध्यक्ष जगत प्रकाश नड्डा, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह र मिजोरमका गभर्नर जनरल वीके सिंहलाई भेटगर्नुभयो| उहाँले महाकुम्भको प्रतीक, कलश र कार्यक्रमको पुस्तिका पनि प्रदान गर्नुभयो। महाकुंभ मेला 13 जनवरी, 2025 देखि फेब्रुअरी 26 सम्म उत्तर प्रदेशको प्रयागराजमा आयोजना हुनेछ।

उत्तर प्रदेशका मुख्यमन्त्रीले सामाजिक सञ्जाल पोस्टमा बैठकका तस्बिरहरू साझा गर्नुहुँदै आफ्नो बहुमूल्य समयको लागि सबै महानुभावहरूलाई धन्यवाद दिनुभेको छ|

************

**नयाँ वर्ष ट्राफिक सल्लाह**

राजधानीमा नयाँ वर्षको उत्सवलाई ध्यानमा राख्दै दिल्ली पुइसले ट्राफिक निर्देशन जारी गरेको छ। डिसेम्बर ३१ मा बेलुका ८ बजेदेखि नयाँ वर्ष मनाउनसम्म कनट प्लेसमा ट्राफिक प्रतिबन्ध जारी रहने पुलिसले जनाएको छ । यो प्रतिबन्ध सबै प्रकारका निजी र सार्वजनिक सवारी साधनहरूमा लागू हुनेछ। मण्डी हाउस, बंगाली मार्केट, मिन्टो रोड-दीनदयाल उपाध्याय मार्ग चौराहे, गोल डाक खाना, पटेल चोक र जयसिंह रोड-बंगला साहेब लेन बाहेक कुनै पनि सवारी साधनलाई कनट प्लेसतर्फ जान दिइने छैन। कनॉट प्लेसको भित्री र बाहिरी सर्कलहरूमा वैध पास भएका सवारीहरूलाई मात्र अनुमति दिइनेछ। दिल्ली ट्राफिक पुलिसले इन्डिया गेट र वरपरको ट्राफिक नियन्त्रण गर्न विस्तृत व्यवस्था गरेको छ।

************

**सरो-स्पेडेक्स**

भारतीय अंतरिक्ष अनुसंधान संगठन-इसरो ले भोलि आफ्नो अंतरिक्ष डॉकिंग प्रयोग, स्पैडेक्स लॉन्च गर्नेछ । एक साक्षात्कारमा अंतरिक्ष राज्य मंत्री डॉ. जितेंद्र सिंहले भन्नुभयो कि यस वर्षको समापनमा इसरोको  मिशन ऐतिहासिक रहनेछ किनभने यसले अंतरिक्षमा दुई वटा उपग्रहहरु लाई विलय गर्ने दुर्लभ उपलब्धि प्राप्त गर्ने प्रयत्न गर्नेछ । उहाले भन्नुभयो - स्पैडेक्स मिशनले अंतरिक्ष डॉकिंग मा महारत प्राप्त गर्नमा सक्षम देशहरुको विशेष श्रेणीमा भारतको प्रवेशलाई निर्धारित गर्नेछ । उहाले अझ भन्नुभयो कि यसको पीएसएलवी रॉकेटले, यस जटिल उपलब्धिलाई स्वदेशी तकनीक, 'भारतीय डॉकिंग सिस्टम' द्वारा निर्मित दुई वटा उपग्रहहरुलाई छोड्ने छ ।

************

**वर्षको अन्त्य**

आकाशवाणीले आफ्नो विशेष वर्ष-अन्त श्रृंखलामा विभिन्न मन्त्रालयहरूबाट वर्ष 2024 को झलकहरु प्रस्तुत गर्दैछ। आज हामी अर्थ मन्त्रालयका प्रमुख पहल र उपलब्धिहरू हेर्नेछौं।

************

**EU-C प्रकार चार्जर**

स्मार्ट फोन, ट्याब्लेट र क्यामेराका लागि एकसमान सी-टाइप चार्जरको प्रणाली युरोपेली संघका देशहरूमा हिजोदेखि लागू भएको छ। यससँगै युनियनका सबै २७ देशमा यु.एस.बी. निर्माताहरूले सी-टाइप पोर्ट भएका उपकरणहरू उपलब्ध गराउनु अनिवार्य भएको छ। हेडफोन, स्पिकर, किबोर्ड र अन्य इलेक्ट्रोनिक उपकरणहरूमा पनि सी-टाइप पोर्टको व्यवस्था हुनेछ। EU-ले बताए अनुसार लागत र फोहोर घटाउनेछ र नयाँ उपकरणहरूको लागि नयाँ चार्जरहरू खरिद गर्ने आवश्यकतालाई हटाउनेछ। यो कानून सन् २०२२ मा युरोपेली संघमा स्वीकृत भएको थियो ।

************

**आईएमडी - शीत लहर**

मौसम विज्ञान विभाग ले उत्तरी भारतमा आजदेखि शीतलहरको चेतावनी जारी गरेको छ । भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले आफ्नो पूर्वानुमानमा पाकिस्तान नजिकै पश्चिमी विक्षोभका कारण आगामी दुई दिनमा उत्तरपश्चिम भारतमा न्यूनतम तापक्रम ३ देखि ५ डिग्री सेल्सियसले घट्ने अनुमान ब्येक्त गरेको छ । पश्चिमी विक्षोभको प्रभाव जनवरी १ देखि ६ तारिख सम्म पश्चिमी हिमालय क्षेत्रमा पनि पर्ने सम्भावना छ । आजदेखि १ जनवरी सम्म हिमाचल प्रदेशका केही स्थानमा शीतलहरको सम्भावना रहेको बताइएको छ । आगामी ३० अनि ३१ डिसेम्बर मा हिमाञ्चल प्रदेशका केही भागमा शीतलहरको अवस्था बढ्न सक्ने बताइएको छ । पञ्जाब अनि हरियाणामा आजदेखि ३ जनवरी सम्म शीतलहरको सम्भावना रहेको छ ।

************

**ट्रम्प टिकटक**

अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले राजनीतिक प्रस्तावमा काम गर्दा टिकटक प्रतिबन्धको आगामी मुद्दामा ढिलाइ गर्न अमेरिकी सर्वोच्च अदालतलाई आग्रह गरेका छन्।उनका वकिलले हिजो अदालतमा कानुनी निवेदन दायर गर्दै ट्रम्पले टिकटकमाथि प्रतिबन्ध लगाउने विरोध गरेको र पदभार ग्रहण गरेपछि राजनीतिक माध्यमबाट समस्या समाधान गर्न चाहेको बताए। जनवरी 10 मा, अदालतले अमेरिकी कानूनमा तर्कहरू सुन्ने कार्यक्रम छ जसमा टिकटकको चिनियाँ मालिक, बाइटडान्सले अमेरिकी फर्मलाई सोशल मिडिया कम्पनी बेच्न वा प्रतिबन्धहरूको सामना गर्नु पर्ने हुन्छ| |अमेरिकी अधिकारी र सांसदहरूले बाइटडान्सलाई चिनियाँ सरकारसँग जोडिएको आरोप लगाएका छन् - जसलाई फर्मले अस्वीकार गरेको छ।

************

**राजमार्ग NH-44-बन्द थप्नुहोस्**

स्वास्थ्य सेवा कश्मीर निदेशालयले हिमपातको कारण हुने कुनै पनि अवस्थाको सामना गर्न श्रीनगरको मुख्यालयमा चौबीसै घण्टा काम गर्न हप्तामा सातै दिन  नियन्त्रण कक्ष स्थापना गरेको छ।

************

**कार्लसन – आउट**

विश्व नम्बर एक चेस खेलाडी म्याग्नस कार्लसनले जिन्स लगाएर खेल्न अनुमति नदिएपछि फिडे वर्ल्ड र्यापिड एण्ड ब्लिज चेस च्याम्पियनसिप छाडेका छन्। कार्लसन गत वर्ष यो च्याम्पियनसिपको विजेता थिए। कार्लसनले भने –'उनी भोलिपल्ट आफ्नो ट्राउजर परिवर्तन गर्न सहमत भए, तर जरिवाना लगाइयो र तुरुन्तै परिवर्तन गर्न भनियो। कार्लसनले चेसमा लामो यात्रापछि आफूलाई यी कुरामा खासै वास्ता नगर्ने बताए।

************